(नेपाल राष्ट्र बैंक/इ.प्रा/ 'घ'/८५/०७५/०७६
कम्पनी दर्ता नं.: १९२७८३/०७४/०७५)

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्था
केन्द्रीय कार्यालयः बागलुङ ।
फोन नं. ०७७-०६८-५२०२०५/५२४३५१

च.न.: १२६५/०७९/०८०

मिति २०८०।०३।१३ गते

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
P.O. box 1550, UNI
शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ ।

विषय : **एकिकृत कारोवार सञ्चालन तथा शेयर कारोवार रोक्का सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, धौलागिरी लघुवित्त वित्तीय सस्था लि र खप्तड लघुवित्त वित्तीय संस्था लि एक आपसमा गाभ्ने गाभिने (मर्जर) गर्ने सम्बन्धमा दुवै संस्थाले आ-आफनो संस्थाको मिति २०७९/१२/०६ गतेको विशेष साधारण सभाबाट विशेष प्रस्ताव पारीत गरे बमोजिम नेपाल राष्ट्र बैंकको प.सं.बै.वि.नि.वि./मर्जर/६७/०७९/८० मिति २०८०/०२/२४ को एक आपसमा गाभ्ने/गाभिने (मर्जर) को अन्तिम स्वीकृती पत्र, नेपाल धितोपत्र बोर्डको च.नं. २६३९ प.सं. नि.वि./०७९/८० मिति २०८०/०३/०६ को एक आपसमा गाभ्ने/गाभिने (मर्जर)को अन्तिम स्वीकृती पत्र र कम्पनी रजिष्ट्रार कार्यालयको प.सं. ०७९/८०..च.नं. ९१३९९ प्रबन्धपत्र तथा नियमावली स्वीकृती र च.नं. ९१३९५ मिति २०८०/०३/११ गतेको पत्र बाट गाभ्ने (मर्जर) गर्ने स्वीकृती प्राप्त भएकोले गाभिए (मर्जर) पश्चात "धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड" नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था लिमिटेडको रुपमा मिति २०८०/०३/२० गते (तदनुसार जुलाई ५,२०२३) बुधबार देखि एकिकृत वित्तीय कारोवार सञ्चालन गरिने भएकोले यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८० आषाढ १९ गते शेयरधनीहरुको शेयर कारोवार रोक्का गरी दिनुहुन अनुरोध गर्दछु ।

**संलग्न**

१) कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी गाभ्ने स्वीकृति पत्र ।
२) नेपाल राष्ट्र बैंकको गाभ्ने/गाभिने मर्जर प्रयोजनको लागि अन्तिम स्वीकृत पत्र ।
३) नेपाल धितोपत्र बोर्डको गाभ्न/गाभिन अन्तिम स्वीकृती पत्र ।

भवदीय,

..............................
मिम बहादुर बोहरा
प्रमुख कार्यकारी अधिकृत

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१ ४१०१५८ ४११२५०
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्या : बै.वि.नि.वि./मर्जर/६७/०७९/८०** **मिति : २०८०/०२/२४**

**श्री धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**बागलुङ्ग न.पा. वडा नं.-२, बागलुङ्ग**

**श्री खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड**
**गोदावरी न.पा. वडा नं.-१, कैलाली**

**बिषय : एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि अन्तिम स्वीकृति प्रदान गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको राष्ट्रियस्तरको **धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड** र "घ" वर्गको प्रादेशिकस्तर (सुदूर पश्चिम प्रदेश) को **खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड**ले एक आपसमा गाभ्ने/गाभिने प्रयोजनार्थ सैद्धान्तिक सहमतिमा तोकिएका शर्त तथा प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृतिको लागि निवेदन पेश गरेकोमा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७३ र "बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" को विनियम ११ मा भएको व्यवस्था अनुसार गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् **"घ"** वर्गको **राष्ट्रियस्तर**को **धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**को नामबाट वित्तीय कारोबार सञ्चालन गर्न देहायका शर्तहरू सहित अन्तिम स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**शर्तहरु :**

(१) "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३", "बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" प्रचलित कानुन तथा यस बैंकबाट जारी एकीकृत निर्देशन लगायत अन्य नीति निर्देशनहरूको पूर्ण पालना गरी वित्तीय कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) गाभ्ने/गाभिने दुबै संस्थाले आ-आफ्नो साधारण सभाबाट निर्णय गरे बमोजिम **धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड** र **खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड**को कायम हुने **शेयर स्वाप अनुपात १:०.७५** अनुसार शेयर पुँजी मिलान गर्नु पर्नेछ ।

(३) धितोपत्र कारोबार ऐन, नियमावली र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम गाभिएर कायम हुने शेयरको सूचीकरण गर्नुपर्नेछ । शेयर स्वाप अनुपातको आधारमा तय हुने शेयरलाई साविकका दुबै संस्थाका सम्पूर्ण शेयरधनीहरुले गाभिएर कायम हुने संस्था **धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**को नामबाट कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(४) गाभिएर कायम हुने संस्थाको केन्द्रीय कार्यालय **बाग्लुङ्ग नगरपालिका वडा नं. २ बाग्लुङ्ग**मा राख्नु पर्नेछ ।

(५) गाभ्ने/गाभिने संस्थाको कुनै शाखा कार्यालय अर्कोमा गाभ्नु परेमा वा अन्यत्र स्थानान्तरण गर्नु परेमा सोको आवश्यकता तथा औचित्यता खुलाई स्वीकृतिको लागि यस बैंकमा पेश गर्नु पर्नेछ ।

(६) एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी स्वीकृति प्राप्त भएपछि दुबै संस्थाले एकीकृत कारोबार थालनी गर्ने मिति खुलेको व्यहोराको सूचना सर्वसाधारणको जानकारीका लागि निर्णय प्राप्त गरेको मितिले **१५ (पन्ध्र) दिनभित्र** कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा **कम्तीमा २ (दुई) पटक** प्रकाशन गर्नु पर्नेछ ।

(७) यस बैंकबाट अन्तिम स्वीकृतिको पत्र प्राप्त गरेको **१ (एक) महिनाभित्र** दुबै संस्था एक आपसमा गाभिएर एकीकृत रुपमा वित्तीय कारोबार शुरु गरिसक्नु पर्नेछ । सो अवधिभित्र गाभ्ने/गाभिने दुबै संस्थाको तथ्याङ्कलाई एकीकृत गरी गाभिएको दिनदेखि एउटै सफ्टवेयरबाट वित्तीय कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै, गाभिए पश्चात् एकीकृत वित्तीय विवरणहरू तयार गरी (गाभिएको दिनको समेत) बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागका साथै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य सम्बन्धित निकायहरूलाई जानकारी दिनु पर्नेछ ।

(८) गाभिने संस्थाको नाममा रहेको वित्तीय कारोबार गर्ने सम्बन्धी इजाजतपत्रहरुलाई रद्द गरी गाभ्ने संस्थाको इजाजतपत्रमा आवश्यक संशोधन गर्नुपर्ने भएकोले एकीकृत कारोबार गर्नु पूर्व दुबै संस्थाको सक्कल इजाजतपत्रहरु यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(९) गाभ्ने/गाभिने दुबै संस्थाहरुको अन्तिम दिनसम्म कायम रहेको लेखामा उल्लेख भएको मूल्यमा सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु समायोजन गरी गाभिएर कायम हुने संस्थाको हिसाबमा लेखांकन गर्नुपर्नेछ । यसपछि गाभ्ने/गाभिने दुबै संस्थाहरुबाट भए/गरेका काम कारवाहीहरु गाभिएर कायम हुने संस्थाबाट भए/गरेको मानिनेछ । साविकका दुबै संस्थाले गाभिनु अघि गरेका करारीय दायित्वको कार्यान्वयन समेत गाभिएपछिको संस्थामा सर्नेछ ।

(१०) गाभ्ने/गाभिने कार्य पश्चात् शाखा कार्यालयहरुको कोडिङ्ग गर्ने सम्बन्धमा यस बैंकको सूचना प्रविधि विभागसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(११) गाभ्ने/गाभिने कार्य सम्पन्न गरेको मितिले एक वर्षसम्म गाभ्ने संस्थाको साइनबोर्ड तथा लेटरप्याडको तल्लो भागमा **"धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडले खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको"** भन्ने ब्यहोरा उल्लेख गर्नुपर्नेछ । साथै, यसभन्दा अगाडि एक वर्षभित्र कुनै संस्थासंग मर्जर वा कुनै संस्थालाई प्राप्ति गरेको अवस्थामा उक्त संस्थाहरूको नाम समेत समावेश गर्नु पर्नेछ ।

(१२) गाभिए पछिको पहिलो वार्षिक साधारण सभाबाट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी निर्वाचनको माध्यमबाट सबै सञ्चालकहरु नियुक्त हुने व्यवस्था गर्नु पर्नेछ ।

(१३) गाभ्ने/गाभिने संस्थाका कर्मचारीहरुको गाभिएर कायम हुने संस्थामा पदमिलान गर्दा निजहरुले साविकमा खाईपाई आएको **तलब, भत्ता, सुविधा तथा सेवा**का शर्तहरु नघट्ने गरी कर्मचारी सेवा विनियमावली लगायतका बिषयहरुमा आवश्यक संशोधन गरी स्वीकृतिका लागि यस बैंकमा पेश गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४ ५ ७
४४१०२०१/४१०१५८/४११२५०
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१४) गाभ्ने/गाभिने क्रममा दुवै संस्थाबीच निर्धारित शेयर स्वाप अनुपात अनुसार पुँजी मिलान गर्दा आएको बार्गेन पर्चेज गेनलाई गाभ्ने संस्थाले विद्यमान लेखामानअनुसार सम्बन्धित शीर्षकमा आम्दानी जनाई नियमानुसार लाग्ने कर कट्टी गरी पूँजीगत जगेडा कोषमा जम्मा गर्नु पर्नेछ ।

(१५) गाभिएपछिको संस्थामा लागू हुने कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली तथा कर्जा अपलेखन विनियमावली यस बैंकको स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(१६) गाभ्ने/गाभिने दुबै संस्थालाई यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागबाट दिइएका निर्देशनहरुको सुधार तथा कार्यान्वयन गाभिएर कायम हुने संस्थाबाट तोकिएकै समयभित्र गर्नु पर्नेछ ।

(१७) गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी बाँकी काम कारवाहीहरु "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन २०७९)" बमोजिम गर्नु पर्नेछ ।

भवदीय,

(डा. गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ** :
श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग ।
श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं ।
श्री नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाडौं ।
श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।

# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन विभाग

पत्र संख्या :- नि.वि. २०७९।८०
चलानी नम्वर :- २६३९

मिति :- २०८०।०३।०६

श्री खप्तड लघुवित्त वित्तीय संस्था लि.,
गोदावरी १, कैलाली

श्री धौलागिरी लघुवित्त वित्तीय संस्था
बागलुङ्ग २, बागलुङ्ग ।

**बिषय :- गाभ्न/गाभिन तथा प्राप्ति गर्न अन्तिम स्वीकृति सम्बन्धमा ।**

महाशय,

तहाँको मिति २०८०।०३।०३ को पत्रानुसार संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति गर्न अन्तिम स्वीकृतिका लागि संयूक्त रुपमा बोर्डमा प्राप्त निवेदनको सम्बन्धमा लेखिंदै छ ।

धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धमा निर्देशिका,२०७९ को दफा ८ को उपदफा(४) बमोजिम तहाँलाई गाभ्ने/गाभिने अन्तिम स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

भवदीय,

(लक्ष्मी पौडेल)
सहायक निर्देशक

**बोधार्थ:-**

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।
श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड ।
श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल स्टक एक्सचेन्ज लि., भद्रकाली, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०९७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्टारको कार्यालय
( ........................... शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०

चलानी नम्बर :- ९१३९५

मिति : २०८०-०३-११

विषय :- कम्पनी गाभ्ने स्वीकृति बारे ।

**धौलागिरी लघुबित्त बितीय संस्था (लि. नं. १९२७८३)**

बागलुङ नगरपालिका-२,वाग्लुङ्ग,४

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७९/१२/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम धौलागिरी लघुबित्त बितीय संस्था लि.नं. १९२७८३ मा खप्तड लघुवित्त वितीय संस्ता लि.नं. २२४८४५ लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी खप्तड लघुवित्त वितीय संस्ता लि.नं. २२४८४५ लाई धौलागिरी लघुबित्त बितीय संस्था लि.नं. १९२७८३ मा गाभ्न मिति २०८०/०३/११ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै कम्पनीले देहाय बमोजिम शर्तहरु पालना गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. गाभिएपछि कम्पनीको पूँजी संरचना मिलाई पेश गर्ने।

२. कम्पनी गाभिए पछि कम्पनीको नियमावली बमोजिम कायम हुने सञ्चालक लगत पेश गर्ने ।

३. गाभिने कम्पनीको जारी शेयर प्रमाण पत्र गाभ्ने कम्पनीमा रुपान्तरण गर्ने र सो को जानकारी दिने ।

४. कम्पनी गाभिएको सार्वजनिक सूचना राष्ट्रियस्तरको (क) बर्गको दैनिक पत्रिकामा प्रकाशन गरी सोको जानकारी ३० दिन भित्र यस कार्यालयलाई दिने ।

५. गाभिएपछि गाभिने कम्पनीको ऋण धन दायित्व सम्पूर्ण गाभ्ने कम्पनीले व्यहोर्ने छ ।

६.नेपाल राष्ट्र बैंकको प.सं. बैं.वि.नि.वि./मर्जर/६७/०७९/०८० मिति २०८०।०२।२४ को अन्तिम स्वीकृति प्रदान गरिएको पत्रमा उल्लेखित शर्त प्रक्रिया पूरा गरी सो बारे जानकारी दिने।

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

**बोधार्थ**

श्री नेपाल राष्ट्र बैंक, काठमाण्डौ।

श्री नेपाल धितोपत्र वोर्ड, ललितपुर ।

श्री नेपाल स्टक एक्स्चेन्ज लि. काठमाण्डौ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. काठमाण्डौ।

श्री आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ।

श्री खप्तड लघुवित्त वित्तीय संस्ता लि.नं. २२४८४५।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................ शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०
चलानी नम्बर :- ९१३९९

मिति : २०८०-०३-११

विषय :- पूँजी वृद्धि सहित प्रबन्धपत्रमा भएको संशोधन अभिलेख सम्बन्धमा।

**धौलागिरी लघुबित्त बित्तीय संस्था (लि. नं. १९२७८३)**
बागलुङ नगरपालिका-२,वाग्लुङ्ग,४

त्यस कम्पनीको मिति २०७९।१२।०६ गतेको बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्न बमोजिम कायमा गर्न स्विकृती प्रदान गरिएको छ । साथै प्रबन्धपत्रको दफा ६ को (क) ,(ख) र (ग) मा भएको संशोधनलाई अभिलेख गरी १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०८०।०२।३० को निर्णयानुसार जानकारी गराइन्छ।

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| अधिकृत पूँजी रु. | १५,००,००,०००।- | २५,००,००,०००।- |
| जारी पुँजी रु. | १०,३१,००,०००।- | १३,३१,००,०००।- |
| चुक्ता पुँजी रु. | ७,००,००,०००।- | १३,३१,००,०००।- |

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री नेपाल राष्ट्र बैंक, काठमाण्डौ।
श्री नेपाल धितोपत्र वोर्ड, ललितपुर ।
श्री नेपाल स्टक एक्स्चेन्ज लि. काठमाण्डौ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. काठमाण्डौ।
श्री आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ।